हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः २ | सङ्ख्याः ७ | मितिः २०७५।१२।२१

## भाग-२

# हेटौडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा ब्यबस्थापन सम्बन्धी विशेष ऐन, २०७५

**प्रस्तावनाः**

यस हेटौडा उपमहानगरपालिकामा साविकमा प्रचलनमा रहेको कानुन अनुसार स्थायी नियुक्ति पाई तहगत रुपमा कार्यरत कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले नेपालको संबिधानको धारा २२६, कर्मचारी समायोजन अध्यादेस, २०७५ को दफा २३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था र स्थानीय ट्रेड युनियनहरुसंग पटक पटक भएको वार्ता, छलफल र सुझावको मर्म र भावना अनुरुप हेटौडा उपमहानगरपालिकाको कार्यपालिकाको मिति २०७५।११।०२ को बैठकबाट स्वीकृत प्रस्ताव नगरसभावाट पारित गरि जारी गरिएको छ ।

हेटौंडा राजपत्र

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " **हेटौडा उपमहानगरपालिका कर्मचारी वृत्ति विकास तथा ब्यबस्थापन सम्बन्धी विशेष ऐन, २०७५' रहने छ ।**

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संबिधान" भन्नाले नेपालको संबिधान सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन अध्यादेस, २०७५ लाई सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले प्रचलित कानुन वमोजिम साविकका स्थानीय निकायबाट स्थायी कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले हेटौडा उपमहानगरपालिका सम्झनु पर्छ ।

(ङ) "सेवा सुविधा" भन्नाले प्रचलित कानुन वमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनु पर्छ । साथै सो शव्दले सेवा निवृत्त पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

**३. संगठन तथा कर्मचारी दरबन्दी :** (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी पहिलो पटकको लागि नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । तत् पश्चात भने संघीय, प्रदेश र हेटौडा उपमहानगरपालिकाको कार्यपालिकाबाट प्रशासनिक सेवा व्यवस्था वारे भएको ऐन, कानुन, निर्देशन र स्वीकृत कार्य व्यवस्था अनुसारको संगठन तथा दरवन्दी संरचना रहनेछ ।

**४. बृति विकास तथा प्रोत्साहन सुबिधा सम्बन्धी बिशेष व्यवस्था:** (१) दफा ३ बमोजिमको संगठन संरचना र दरबन्दीमा स्थानीय तहका कर्मचारीहरुको १ पटकका लागि बृत्ति विकास तथा प्रोत्साहन सुबिधा उपलब्ध गराईने छ । यस दफा वमोजिम सुविधा र वृत्ति विकास गर्दा लोकसेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता, विशिष्टीकरण र सेवा समुह र योग्यता प्रणाली को सिध्दान्तलाई मुख्य आधार वनाईने छ ।

(२) उपदफा (१) बमोजिमको बृति विकास तथा प्रोत्साहन सुबिधा देहाय बमोजिम हुने छ ।

| **हालको तह** | **सेवा अबधि र शैक्षिक योग्यता** | **बढुवा हुने तह** | **अन्य प्रोत्साहन** |
|---|---|---|---|
| सहायकस्तर चौथो | पांच बर्ष भन्दा कम सेवा अबधि | सहायकस्तर चौथो | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पांच बर्ष भन्दा बढी सेवा अबधि पुरा गरेको र माथिल्लो पदमा बढुवाको लागि आबश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाशिल गरेको | सहायकस्तर पाँचौ | ----------- |
| सहायकस्तर पाँचौ | पांच बर्ष भन्दा कम सेवा अबधि | सहायकस्तर पाँचौ | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पांच बर्ष भन्दा बढी सेवा अबधि पुरा गरेको र माथिल्लो पदमा सुरु सेवा प्रवेश गर्नका लागि आबश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाशिल गरेको | अधिकृतस्तर छैठौ | ----------- |
| अधिकृतस्तर छैठौ | पांच बर्ष भन्दा कम सेवा अबधि | अधिकृतस्तर सातौ | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पांच बर्ष भन्दा बढी सेवा अबधि पुरा गरेको र माथिल्लो पदमा बढुवाको लागि आबश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाशिल गरेको | अधिकृतस्तर आठौ | ----------- |
| अधिकृतस्तर सातौ | पांच बर्ष भन्दा कम सेवा अबधि | अधिकृतस्तर आठौ | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पांच बर्ष भन्दा बढी सेवा अबधि पुरा गरेको र माथिल्लो पदमा बढुवाको लागि आबश्यक पर्ने न्यूनतम शैक्षिक | अधिकृतस्तर नवौ | ----------- |

हेटौंडा राजपत्र

| | | | |
|---|---|---|---|
| | योग्यता हाशिल गरेको | | |

(३) श्रेणी बिहिन कर्मचारीको हकमा निजले खाइपाई आएको ग्रेडमा प्रोत्साहन स्वरुप दुई ग्रेड थप गरिनेछ ।

(४) कर्मचारीलाई बृति विकास तथा प्रोत्साहन सुबिधा उपलब्ध गराउदा कायम हुने नयाँ तलबमान निजले खाईपाई आएको साविक तलबमान भन्दा कम हुने भएमा ग्रेड थप गरी तलबमानको मिलान गरिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम उपलब्ध गराईएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिईनेछ ।

**५. ज्येष्ठता निर्धारणको आधार :** (१) बढुवा हुनु भन्दा अघिल्लो तहमा नियुक्ति वा बढुवा पाउदा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

**६. पदपुर्ती, सरुवा तथा बढुवा सम्बन्धि ब्यबस्था :** (१) यस ऐन बमोजिम बृति विकास भई बढुवा भएका कर्मचारीहरुको तोकीएको अबधि पुरा भए पछी हुने सरुवा तथा बढुवा सम्बन्धि ब्यबस्था प्रचलित ऐन कानून बमोजिम हुनेछ । साथै रिक्त पदमा पदपुर्तीको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**७. कर्मचारीकी सेवा सुबिधा :** (१) यस ऐन बमोजिम बृति विकास तथा प्रोत्सहान सुबिधा प्राप्त भई बढुवा भएका कर्मचारीहरुको तलब तथा अन्य सुबिधा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(२) स्थानीय तहमा कार्यरत कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, उपचार खर्च, संचित बिदाको रकम लगायतको सुबिधा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ । यस्तो रकम उपलब्ध गराउदा संघीय निजामति सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुबिधाभन्दा घटी नहुने गरि उपलब्ध गराइनेछ ।

८. संघीय तहबाट समायोजन भई आउने कर्मचारीहरुलाई यो ऐन वमोजिम समायोजन भएपछि पद मिलान गरि कामकाजमा लगाईने छ । साथै समायोजनमा विशेष बढुवामा योग्यता पुगेका

नेटोला राजपत्र

उम्मेदवारलाई ३ (तीन) दिने निवेदन संकलन गर्न सूचना प्रकाशन गरिनेछ । कर्मचारी प्रशासनले तोके वमोजिमको ढाँचामा निवेदन तयार गरी आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

**९. व्याख्या :** यो ऐन कार्यान्बयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगर सभाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**१०. यसै ऐन बमोजिम हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको बिषयमा यसै ऐन बमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**<u>प्रमाणीकरण गर्नेको</u>**

नाम : हरि बहादुर महत

पद : नगरसभा अध्यक्ष

मिति : २०७५।१२।२१

पृष्ठ संख्या : ४

हेटौंडा राजपत्र